
बाल सन्दर्भ सामग्री – २६

# ८० दिनमा विश्व भ्रमण



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# ८० दिनमा विश्व भ्रमण



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

लेखन
जुल्स वर्न

अनुवाद
गोरखबहादुर सिंह

चित्राङ्कन कर्ता
अविन्द्रमान श्रेष्ठ

आवरण
नविन्द्र राजभण्डारी

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ | पाठ्यक्रम विकास केन्द्र

# ८० दिनमा विश्व भ्रमण



फिलियस फग निकै धनी थियो। उसको निकै ठुलो घर थियो। फिलियसको घर लन्डन सहरको मध्यभागमा थियो।

फिलियस फगको जीवन चर्या अत्यन्तै व्यवस्थित थियो। ऊ सधैँ एकै समयमा उठ्थ्यो। उसको खाना सधैँभरि एकै प्रकारको हुन्थ्यो। उसको खाना खाने समय पनि निश्चित थियो। खाना खाने समयमा कहिल्यै पनि तलमाथि गर्दैनथ्यो। ऊ जहिले पनि एकै प्रकारका काम गर्थ्यो। उसले गर्ने सबै काम पनि निश्चित समयमा नै हुने गर्थे।

फिलियस फग कुनै नयाँ काम गर्न मन पराउँदैनथ्यो। उसलाई उसको निश्चित कार्य तालिका मन पर्थ्यो। फिलियस त्यसलाई परिवर्तन गर्न मन पराउँदैनथ्यो। हरेक दिन ऊ क्लबमा जान्थ्यो र पुरै दिन क्लबमा नै बिताउँथ्यो। क्लबमा पनि ऊ सधैँभरि एउटै कुर्सीमा बस्थ्यो र सधैँभरि एउटै प्रकाशनको अखबार पढ्थ्यो।

अक्टोबर महिनाको एक बिहान उसले उसको घरमा काम लगाउन एक जना मानिसलाई सोधपुछ गर्‍यो। त्यो काम खोज्न आउने मानिसको नाम पासपारटु थियो। ऊ फ्रान्सबाट आएको थियो।

“मेरो घरमा तिमी किन काम गर्न चाहन्छौ ?” फिलियस फगले पासपारटुलाई सोध्यो ।

“किनभने तपाइँ शान्त र व्यवस्थित मानिस हुनुहुन्छ । तपाइँको जीवन शान्त र नियमित छ । मलाई पनि त्यस्तै जीवन मन पर्छ ।” उसले जवाफ दियो ।

उसको जवाफ फिलियस फगलाई चित्तबुझ्दो लाग्यो । फिलियसले भन्यो, “मैले पनि तिमी जस्तै मान्छे खोजेको थिएँ । मलाई लाग्छ, तिमी मैले खोजे जस्तै छौ । तिमीलाई मेरो घरमा स्वागत छ । तिमीले अहिलेदेखि नै काम सुरु गर्न सक्छौ ।”

“तपाइँलाई धन्यवाद छ, श्रीमान् ।” पासपारटुले भन्यो । त्यति भनेर ऊ कोठाबाट बाहिर निस्क्यो । ऊ आफूले जागिर पाएको खुसीमा उसको मालिकले नदेख्ने गरी नाच्यो पनि ।

“म यस्तै कामको खोजीमा थिएँ ।” उसले मनमनै भन्यो, “कुनै समस्या छैन, कुनै दुख चिन्ता छैन र कुनै परिवर्तन छैन । क्या मजाको शान्त र व्यवस्थित जीवन ।” तर पासपारटुको अनुमान मिलेन ।

पासपारटुले काम पाएकै दिन दिउँसो फिलियस फग क्लबमा गयो । क्लब भएको घर ठुलो र राम्रो थियो । फिलियस फग क्लबमा कुर्सीमा बसेर समाचार पत्र पढ्न खुबै मन पराउँथ्यो । त्यो दिनको समाचारमा मुख्य समाचार बैङ्क डकैती थियो । समाचारअनुसार पुलिस बैङ्क डकैती गर्नेहरूको खोजी गरिरहेका थिए ।

साँझपख फिलियस फग क्लबको अर्को कोठामा गयो र अर्को समाचार पत्र पढ्यो । त्यसैबेला उसको एउटा साथीले भन्यो, “पृष्ठ तिनको समाचार पढ त, फिलियस ।”

फिलियस फगले समाचार पत्रको तेस्रो पृष्ठ फर्कायो ।

“८० दिनमा विश्व परिक्रमा ... ” समाचार यहीँबाट सुरु भएको थियो ।

“विचित्रको समाचार रहेछ ।” उसले हाँस्दै भन्यो ।

उसको साथीले भन्यो, “हेर त, समाचार पत्रमा ८० दिनको हिसाबकिताब पनि दिएको छ ।” लेखअनुसार यो सम्भव छ । तर वास्तवमा कसैले पनि यो कुरा सम्भब छ भनेर ठोकुवा गरेर भन्न सक्दैन ।”

फिलियस फगले यसबारे गहिरिएर सोच्यो, "सायद यो सम्भव छ । फिलियस, सायद तिमी ८० दिनमा विश्वको फन्को मार्न सक्छौ ।" उसले आफैँलाई भन्यो ।

क्लबको कोठामा अरू दुई जना साथी थपिए । चारै जना तास खेल्न थाले । तास खेल्दै गर्दा पनि उनीहरू त्यस लेखबारे कुरा गर्दै रहे ।

"यो सम्भव छैन ।" फिलियसको एक जना साथीले भन्यो ।

"तर केही पनि असम्भव हुँदैन ।" फिलियसले जवाफ दियो । त्यहाँ तास खेल्दै गरेका फिलियसका साथीहरू गल्लल हाँसे ।

उनीहरूले भने, "फिलियस तिमी सपना देख्दै छौ ।"

फिलियसलाई एकाएक एउटा विचार आयो । उसको जीवनको सबैभन्दा विचित्रको विचार ।

"म यो काम गर्न सक्छु । उसले भन्यो, "म अहिले नै हिँड्छु र ८० दिनभित्र म यहीँ आइपुग्ने छु ।"

उसका साथीहरूले सारै अचम्म माने ।




“यदि म असी दिनभित्र आउन सकिन भने मेरो ब्याङ्कमा रहेको २० हजार पौन्ड (करिब २० लाख नेपाली रुपियाँ) तिमीहरूको हुने छ ।” फिलियसले भन्यो । यसपछि त उसका साथीहरू अझै अच्चम्ममा परे । यति अचम्म कि उनीहरू छक्क परेर फिलियसलाई हेर्नुबाहेक केही बोल्नै सकेनन् ।

अन्त्यमा फिलियस र उसका पाँच जना साथीहरूले बाजी थापे । बाजीका सर्त निश्चित गरियो : यदि फिलियसले ८० दिन अथवा ८० दिनभन्दा कम समयमा विश्व परिक्रमा गरेमा फिलियस फगलाई उसका साथीहरूले २० हजार पौन्ड दिने तर उसको भ्रमण ८० दिनभन्दा लामो भएमा फिलियसले उसका प्रत्येक साथीलाई चार हजारका दरले जम्मा २० हजार पौन्ड दिने ।

फिलियसले फेरि थप्यो, “आज २ अक्टोबर हो र अहिले ८:४५ बजेको छ । म तिमीहरूलाई २१ डिसेम्बरमा यही कोठामा यही समयमा भेट्ने छु ।”

उसले समाइराखेको तास राख्यो र तुरुन्तै क्लबबाट बाहिरियो । ऊ फटाफट घरतिर लाग्यो । उसको घरमा पासपारटु शान्तपूर्वक आफ्नै तालमा काम गरिरहेको थियो ।



“पासपारटु !” फिलियसले भन्यो, “एउटा झोलामा मेरो र अर्को झोलामा तिम्रो सामान राखेर छिटो तयार होऊ ।”

“हामी कतै जाँदै छौँ ?” पासपारटुले सोध्यो ।

“हो, हामी जाँदैछौ । हामी विश्वको परिक्रमा गर्न जाँदै छौँ ।” फिलियस फगले भन्यो ।

पासपारटु हाँस्न त खोज्यो तर कुन्नि किन हो हाँस्न सकेन ।

त्यसको दुई घण्टापछि फिलियस फग र पासपारटु च्यारिङ क्रस स्टेसनको एउटा रेलमा थिए । गार्डले रेल चलाउन सिठी बजाएपछि रेलले बिस्तारै आफ्नो गति लियो । यही नै उनीहरूको विश्व भ्रमणको सुरुआत थियो ।

उनीहरू बेलायतको समुद्री किनारमा पुगे । त्यो समुद्री किनार बेलायतको सिमाना थियो । त्यसपछि उनीहरूले डुङ्गाबाट इङ्लिस नहर पार गरेर फ्रान्सको कालाइस सहरमा पुगे ।

फ्रान्समा पुगेपछि पासपारटुले सोध्यो, “के हामी केही दिन फ्रान्समा बिताउन सक्छौँ ? मलाई यहाँ धेरै कुरा हेर्ने मन .......”

“पटक्कै सक्दैनौँ ।” फिलियस फगले भन्यो, “हामी एकदम हतारमा छौँ ।”

कालाइसमा उनीहरू एउटा रेलमा चढे र पेरिस हुँदै इटाली पुगे । रेल इटालीलाई पार गर्दै ब्रिन्दिसी बन्दरगाह पुग्यो ।

त्यो दिन अक्टुबर महिनाको ५ तारिख थियो । अर्थात् उनीहरूले यात्रा सुरु गरेको तिन दिन पुगिसकेको थियो ।

उता लन्डनका अखबारहरूमा बैङ्क डकैतीको खबर निकै चर्चामा थियो । पुलिस बैङ्क डकैतको खोजीमा लागिपरेको थियो । अखबारमा बैङ्क डकैतको विवरण र तस्बिर छापिएको थियो । क्लबमा फिलियस फगका साथीहरूले आश्चर्यले जिब्रो टोके । बैङ्क डकैतको तस्बिर त फिलियस फगसँग दुरुस्तै मिल्छ नि । के त्यो कुख्यात बैङ्क डाँका उही नै हो त ?

फिलियस फग र पासपारटु स्वेज जानका लागि डुङ्गामा चढे । उनीहरू अक्टोबर ९ मा स्वेज पुगे ।

“हामी एकदमै ठिक समयमा आइपुग्यौँ।” डुङ्गाबाट ओर्लँदै फिलियसले भन्यो, “हाम्रो यात्रा हाम्रो योजनाअनुसार नै गइरहेको छ।”

उनीहरू स्वेज बन्दरगाहमा ओर्लँदा सयौँ मानिसले यात्रु ओर्लँदै गर्दाको दृश्य हेरिरहेका थिए। ती सयौँ मानिसमध्ये एक जना पुलिस इन्सपेक्टर फिक्स पनि थियो। तर ऊ पुलिस पोसाकमा थिएन। ऊसँग बैङ्क डकैतको तस्बिर थियो। डुङ्गाबाट ओर्लने सबैलाई फिक्सले निकै ध्यान दिएर हेरिरहेको थियो। त्यही बेला उसले फिलियस फगलाई देख्यो। उसले घरि तस्बिर घरि फिलियसलाई हेर्न थाल्यो।





“त्यो मान्छे यही हो।” उसले मनमनै भन्यो, “हामीले समाउन खोजेको बैङ्क लुटेरा यहि नै हो।” इन्सपेक्टर फिक्स निकै खुसी भयो। किनभने बैङ्क लुटेराको पत्ता लगाउने मानिसलाई ठुलो पुरस्कारको घोषणा गरिएको थियो।

इन्सपेक्टरले सोच्यो – “अब त्यो पुरस्कार मैले नै पाउने छु। तर इन्सपेक्टर फिक्सलाई एउटा समस्या पर्‍यो। ऊ फिलियस फगलाई समाउन त चाहन्थ्यो

तर त्यसका लागि बेलायत प्रहरीको अधिकार पत्र चाहिन्थ्यो । त्यसैले फिक्सले बेलायतको पुलिस कार्यालयमा फोन गरेर अधिकार पत्र पठाइदिन अनुरोध गऱ्यो ।

"म अहिले नै यसलाई गिरफ्तार गर्न सक्दिनँ ।" उसले मनमनै भन्यो, "उसलाई पक्रन पक्राउ पुर्जी चाहिन्छ । तैपनि मैले उसको पिछा छोड्नु हुँदैन । जहाँ पुग्दा पक्राउ पुर्जी पाउँछु त्यहीं पक्राउ गर्छु ।" फिलियस फगको लामो यात्रा योजना थाहा नपाउन्जेल इन्सपेक्टर फिक्स निकै खुसी भयो । तर फिलियस फग भारतको बम्बईमा जाँदै थियो । फिक्सले फिलियसलाई पिछा गर्दै भारत पनि जाने विचार गऱ्यो ।




त्यसै दिन दिउँसो एउटा डुङ्गा स्वेजबाट बम्बईका लागि हिँड्यो । डुङ्गामा फिलियस र पासपारटु मात्र थिएनन् इन्सपेक्टर फिक्स पनि थियो ।

डुङ्गामा इन्सपेक्टर फिक्सले पासापारटुलाई भेट्यो र उनीहरू एकअर्काका मित्र बने । पासपारटुले फिक्सलाई फिलियससँगको त्यो यात्राका बारेमा बतायो ।

“हामी ८० दिनमा विश्वको फन्का मार्दै छौँ ।” उसले भन्यो, “अन्यथा फिलियस फगले उसँग भएको सबै पैसा उसका साथीहरूलाई दिनुपर्ने छ ।”

त्यसपछि त फिलियस फग नै बैङ्क लुटेरा हो भन्नेमा फिक्सलाई कुनै शङ्का रहेन ।

“८० दिनमा विश्व भ्रमण ? कसैले पनि यस्तो फन्टुस विचार गर्दैन ।” उसले विचार गऱ्यो, “र, भएको सबै पैसा लुटेराबाहेक अरू कसैले पनि साथीलाई बाँड्दैन ! मलाई केवल पक्राउ पुर्जी चाहियो, त्यति भयो भने म उसलाई सजिलै पक्राउ गर्न सक्छु ।”

फिक्सले उसले सोचेका यी कुरा उसको नयाँ साथी पासपारटुलाई भनेन । बरु उसले के आशा गऱ्यो भने उनीहरू बम्बई पुग्दा फिलियस फगको पक्राउ पुर्जी पनि बम्बई पुगेको हुने छ ।

“अनि त बम्बई पुग्ने बित्तिकै फिलियस फगलाई पक्राउ गर्ने छु र पुरस्कार पाउने छु ।” इन्सपेक्टर फिक्सको सोचाइ थियो । फिक्स समुन्द्री यात्राभरि नै निकै प्रसन्न थियो । जति बेला पनि उसले फिलियस फगलाई निकै सतर्कता साथ हेरिरह्यो । उनीहरू चढेको डुङ्गा अक्टोबर २० तारिखमा बम्बई पुग्यो । बम्बई पुग्नेबित्तिकै इन्स्पेक्टर फिक्स पक्राउ पुर्जी लिन बेलायत सम्पर्क कार्यालयमा पुग्यो ।

कार्यालय कर्मचारीले भन्यो, “माफ गर्नुहोला, यहाँ त्यस्तो कुनै पत्र आएको छैन ।”

“तैपनि मैले पक्राउ पुर्जी नआउन्जेलसम्म फिलियस फगको पिछा छोड्नुहुँदैन ।” इन्सपेक्टर फिक्सले विचार गऱ्यो ।

“फिलियस फग कहाँ छ ?” ऊ फर्केर होटेलमा गयो र सोध्यो ।

“उनी त हिँडिसके ।” होटेल कर्मचारीले जवाफ दियो, “उनी कलकत्ता जानका लागि रेल स्टेसन गए ।”

इन्सपेक्टर फिक्स जिल्ल पऱ्यो ।

“रेल ६ बजे छुट्छ ....” होटेल कर्मचारीले भन्दै थियो तर कर्मचारीको वाक्य पुरा नहुँदै इन्सपेक्टर फिक्स बाहिर पुगिसकेको थियो ।

ऊ रेल स्टेसन पुग्यो । रेल स्टेसनमा उसले फिलियस फग र पासपारटुलाई देख्यो । उनीहरू टिकट लिँदै थिए । उसले उनीहरू रेल नचढुन्जेलसम्म पर्ख्यो । त्यसपछि




उसले पनि टिकट लियो र त्यही रेलमै चढ्यो ।

साझँको ६ बजे रेलले स्टेसन छोड्यो । सयौँ अरू यात्रुसँगै ती तिन जना पनि सयौँ माइल टाढाको कलकत्ताका लागि यात्रा सुरु गरे । रेलभित्र गर्मी थियो, असजिलो पनि थियो तर फिलियस फगलाई यसको कुनै मतलब थिएन । किनभने उनीहरू कलकत्ता जाँदै थिए र सबै काम योजनाअनुसार नै हुँदै थियो ।

भारतका रमाइला पहाड र जङ्गलका सुन्दर दृश्यहरूमा रमाउँदै नदी र फाँटहरूलाई पार गर्दै रेल अघि बढ्दै थियो .... एक्कासी रोकियो ।

"के भयो ?" फिलियस फग झस्क्यो । के भएको रहेछ, उसले पासपारटुलाई बुझ्न पठायो । पासपारटु निकै मलिनो अनुहार लिएर फर्क्यो ।

एकछिनपछि भन्यो, "यहाँभन्दा अघि रेल नजाँदो रहेछ । इलाहावाद पुगेपछि मात्र फेरि रेल भेटिन्छ । त्यसैले हामीले इलाहावादसम्मका लागि अर्कै व्यवस्था गर्नुपर्छ ।"

“त्यसो भए यातायातको अरू कुनै व्यवस्था गर ।” फिलियस फगले भन्यो । पासपारटु फेरि बाहिर गयो र एक घण्टापछि आयो ।

“श्रीमान् ! इलाहावाद पुग्न एउटा मात्रै साधन रहेछ ।” उसले भन्यो ।

“के साधन हो ?” फिलियस फगले सोध्यो ।

“हात्ती ।” पासपारटुले भन्यो र ठुलो हात्ती लिएर रेलनजिकै उभिएको एक जना पथ प्रदर्शकलाई देखायो । हात्ती चढ्नु अत्यन्तै कष्टकारक थियो र बाटो पनि लामो पनि थियो । तर उनीहरूसँग अरू उपाय थिएन । हात्तीले उनीहरूलाई जङ्गल हुँदै पहाड माथि पनि पुऱ्यायो ।

जङ्गलमा उनीहरूले एउटा अनौठो दृश्य देखे । उनीहरूले सयौँ मानिसको जुलुस देखे । उनीहरूले काँधमा माानिसको शरीर बोकेका थिए । जुलुसका बिचमा एक जना सुन्दर महिला पनि थिइन् ।



“यहाँ के हुँदै छ ?” फिलियस फगले पथ प्रदर्शकसँग सोध्यो ।

“यिनीहरू शब यात्री हुन् ।” पथ प्रदर्शकले भन्यो, “त्यस महिलाको श्रीमान् मरेको छ ।” उसले दाउराको ठुलो चाङलाई देखाउँदै भन्यो, “उनीहरूले त्यही चाङमा उसको

शरीरलाई जलाउँदै छन् ।"

"अनि ती महिला किन त्यति हताश देखिन्छिन् ।" फिलियस फगले सोध्यो ।

पथ प्रदर्शकले भन्यो, "किनभने यहाँको प्रचलनअनुसार उनीहरूले जिउँदी श्रीमतीलाई पनि उनको मृत पतिसँगै जलाउँदै छन् ।"

"यो हुनै सक्दैन ।" फिलियस फगले भन्यो, "हामीले उनलाई बचाउनुपर्छ ।"

"यो सम्भव छैन ।" पथ प्रदर्शकले भन्यो ।

"केही पनि असम्भव छैन ।" फिलियस फगले भन्यो र पासपारटुसँग सल्लाह गर्न थाल्यो । उनीहरूले त्यो सुन्दर युवतीलाई चितामा चढाएको हेरिराखे । चिताको एकतिर उनी पल्टिन्, उनीसँथै उनको मृत पति पल्टेको थियो । ती मानिसमध्ये एक जनाले दाउराको चाङमा आगो सल्कायो, तुरुन्तै चिताको वरिपरि धुवाँ फैलियो । धुवाँले गर्दा पासपारटु चितामा चढेको कसैले देखेन अनि उसले ती महिलालाई लिएर भाग्यो ।

"भूत ! भूत !!" त्यहाँ थुप्रिएका शवयात्री डरले चिच्याउँदै जङ्गलतिर भागे ।

"एकदम ठिक गर्‍यौ, पासपारटु ।"



फिलियस फगले भन्यो, "गजबको जुक्ति निकाल्यौ !"

फिलियस फगले ती महिलासँग सोध्यो, "तिम्रो नाम के हो ?"

"अउदा ।" उनले कृतज्ञताको भावमा भनिन्, "मलाई बचाउनु भएकामा म धेरै आभारी छु ।"

"तिमी पनि हामीसँगै आउन सक्छ्यौ ।"  फिलियस फगले भन्यो, "हामी विश्व भ्रमण गर्दैछौं ।"

"मलाई पनि भ्रमण गर्न मन पर्छ ।" अउदाले भनिन् । फिलियस फगले उनलाई पनि हात्तीमा चढायो ।

"अब इलाहवाद पुगेर उनीहरू कलकत्ता जाने रेलमा चढे । कलकत्ता पुगेर उनीहरू हङकङ जाने डुङ्गामा चढे ।

इन्सपेक्टर फिक्स पनि उनीहरूसँगै आइरहेको छ भन्ने कुराको उनीहरूलाई अत्तोपत्तो थिएन । हङकङमा फिलियस फगले केही झमेलाको सामना गर्नुपऱ्यो । पहिलो कुरा त पासपारटु हरायो र कति खोज्दा पनि फेला पर्न सकेन । अर्को कुरा फिलियस हङकङ पुगेको अर्को बिहान जापानको योकोहामा जानका लागि डुङ्गा खोज्दा उसले डुङ्गा पाएन ।

"डुङ्गा हिजो राति नै गयो ।" डुङ्गा कम्पनीको मानिसले भन्यो, "डुङ्गामा तिम्रो सहयोगी पासपारटु पनि थियो । अब केही दिनसम्म योकोहामा जाने अर्को डुङ्गा पाइँदैन ।"

तैपनि फिलियस आत्तिएन । उसले चीनको साङ्घाइ जाने डुङ्गा भेट्यो र साङ्घाइमा जापानको योकोहामा जाने अर्को डुङ्गामा चढ्यो । उनीहरू नोभेम्बरको १४ तारिखमा योकोहामा पुगे ।

"हामीले कसरी पासपारटुलाई भेट्न सकौँला र ?" अउदाले भनी, "यो असम्भव छ ।"

"केही कुरा पनि असम्भव छैन ।" फिलियस फगले भन्यो ।

उनीहरूले पासपारटुलाई जताततै खोजे र अन्त्यमा एउटा सर्कसमा देखे पनि । उसलाई उनीहरूले सर्कस गर्नेहरूको एउटा समूहमा देखेका थिए । उनीहरूले मान्छे मान्छेको समूह मिलेर ठुलो त्रिभुज बनाएका थिए । उनीहरूले त्रिभुजको पुच्छरमा पासपारटुलाई देखे । पासपारटुले पनि जब फिलियस र अउदालाई देख्यो, ऊ तत्कालै उनीहरू भएतिर दौड्यो । उसकै भरमा उभिएका विशाल त्रिभुजमा सर्कस गर्नेहरू भुइँमा पछारिए ।

ती तिन जनाले त्यसै रात अमेरिकाको सान फ्रान्सिस्कोका लागि डुङ्गा चढे । भनिराख्नु नपर्ला, उनीहरू चढेको डुङ्गामा फिक्स पनि थियो । उनीहरू प्रशान्त महासागर पार गर्दै २१ दिनमा सान फ्रान्सिस्को पुगे। उनीहरूले विश्वको आधाभन्दा बढी भाग पार गरिसकेका थिए । सान फ्रान्सिस्को पुगेकै रात उनीहरू संयुक्त राज्यलाई पार गर्दै न्युयोर्क जानका लागि रेल चढे ।

त्यो यात्राका सुरुमा सबै कुरा राम्रो थियो । तर केही समयपछि नै उनीहरू स्यु इन्डियनहरूको प्रदेशमा पुगे ।

"यो ठाउँ निकै खतरनाक छ ।" फिलियस फगले भन्यो ।

फिलियस फगले यसो भन्नेबित्तिकै रेलको झ्यालका सिसा टुक्रा टुक्रा भएर फुटे, जतातातै घोडामा चढेर आएका स्यु इन्डियनहरू देखिए । उनीहरू रेलमा चढे । उनीहरू सबैसँग छुरा र बन्दुक थिए ।

"सबैले आफ्नो सुरक्षा गर ।" फिलियस फग चिच्यायो ।



“यो असम्भव छ।” इन्सपेक्टर फिक्सले भन्यो, “उनीहरू सयौँको सङ्ख्यामा छन्।”

“केही पनि असम्भव छैन।” फिलियस फगले भन्यो।

त्यहाँ ठूलो लडाइ चल्दै थियो, त्यसैबेला केही सैनिकहरू पुगे। सैनिकलाई देखेर स्यू इन्डियनहरू भागे। तर उनीहरूले पासपारटुलाई बन्दीका रूपमा लगे।

“म उसलाई छुटाउन जान्छु।” फिलियस फगले भन्यो, “मसँग को आउँछ ?”

थोरै मात्र फिलियस फगको पछि लागे। इन्सपेक्टर फिक्ससमेत धेरै मानिस न्युयोर्क जादैँ गरेको त्यो रेलबाट बाहिर निस्किएनन्।

“म तिमीलाई पर्खेर यहीँ बस्छु।” अउदाले भनिन्। उनी रातभरि त्यहीँ नै बसिन्। उनीहरू बिहानै फर्कंदा पासपारटु पनि उनीहरूसँगै थियो। उनीहरू विजय उत्सव मनाउन चाहन्थे तर फिलियस फगलाई फुर्सत थिएन।

“हामी हाम्रो योजनाभन्दा एक दिनपछि परिसकेका छौँ।” फिलियस फगले भन्यो, “हामी जति सक्यो छिटो न्युयोर्क पुग्नुपर्छ।”

त्यसपछिको गाडी केही टाढाको स्टेसनबाट जान्थ्यो र हिउँ जमेको मैदान पार गरेर जानुपर्ने अर्को स्टेसनमा पुग्ने साधन हिमगाडी मात्र थियो। हिम गाडीको यात्रा चिसो थियो र सुविधानजक पनि थिएन। तैपनि केहीबेर पछि नै उनीहरू न्युयोर्कका लागि रेलमा चढिसकेका थिए।

न्युयोर्क पुगेपछि उनीहरूले नराम्रो समाचार सुने। उनीहरूले इङ्ल्यान्ड जाने डुङ्गा भेटाउन सकेनन्। उनीहरू त्यहाँ पुग्नुभन्दा ३५ मिनेट पहिले नै डुङ्गा छुटिसकेको रहेछ।

इन्सपेक्टर फिक्सले त डुङ्गा भेट्यो तर फिलियस फग, अउदा र पासपारटुले भने डुङ्गा समाउन सकेनन्।

पासपारटुले भन्यो, “अब हामी समयमै लन्डन फर्कन सक्दैनौँ। यो असम्भव छ।”

“केही पनि असम्भव छैन।” फिलियस फगले भन्यो।

बन्दरगाहमा सानो डुङ्गा थियो। डुङ्गाको नाम हेन्रिएता थियो। तर हेन्रिएताको क्याप्टेन उसको डुङ्गामा यात्रु बोक्न मन पराउँदैनथ्यो। तर फिलियस फगले डुङ्गा नै किन्यो र यस समस्यालाई टार्‍यो।

फिलियस फग, अउदा र पासपारटु तथा नाविकलाई लिएर राति नौ बजे डुङ्गा न्युयोर्कबाट हिँड्यो । हेन्रिएताले एटलान्टिक महासागर पार गर्दै थियो । अप्ठेरो के



पऱ्यो भने हावा पनि चल्दै थियो । यसले गर्दा डुङ्गामा भएको इन्धन छिटै सकियो । डुङ्गाको इन्जिनमा बाल्नका लागि डुङ्गाका काठबाहेक केही पनि बाँकी रहेनन् । फिलियस फगले नाविकहरूलाई भन्यो, "डुङ्गामा भएका कुर्सी, टेबुल, झ्यालको खापा सबै जम्मा गर । डुङ्गालाई चलाई राख्न हामीले यिनै काठ इन्जिनमा बाल्नुपर्छ ।"

"तर यसो गर्दा हामीले डुङ्गालाई भताभङ्ग पार्ने छौँ ।" चालकले भने ।

"हो ।" फिलियस फगले भन्यो, "मैले विचार गरेको कुरा पनि त्यही हो । हामीसँग इङ्ल्यान्ड पुग्न दुई दिन मात्र बाँकी छ ।" डुङ्गा चालकले भेटेजति काठ बाले ।

दुई दिनपछि डुङ्गामा कुर्सी, टेबुल, खाट केही पनि थिएनन् ..... यहाँसम्म कि उनीहरूले डुङ्गाको छाना पनि बालिसकेका थिए । जति बेला डुङ्गाको इन्जिनमा बाल्नका लागि केही पनि बाँकी रहेको थिएन उनीहरूले आयरल्यान्डको किनार देखे ।

"इङ्ल्यान्ड पुग्न अझै २४ घण्टा बाँकी छ ।" बन्दरगाहमा पुगेपछि फिलियस फगले भन्यो, "मैले यहाँबाट डब्लिनका लागि छिटो कुद्ने रेल लिन सक्छु र डब्लिनबाट लिभरपुल पुग्न छिटो कुद्ने डुङ्गा लिन सक्छु । यसरी १८ घण्टामा लन्डन पुग्न सक्छु । यसको मलतब, म अझै पनि समयमै लन्डन पुग्न सक्छु । "



सबै कुरा ठिकठाक चलिरहेको थियो। उनीहरू रेल र डुङ्गा चढेर लिभरपुल आए। "मिस्टर फिलियस !" उनीहरू लिभरपुल पुग्नेबित्तिकै कसैले फगको कुममा हात राख्यो। फिलियस फग फर्केर पछाडि हेऱ्यो। ऊ इन्सपेक्टर फिक्स थियो।

"तिमी पक्राउ पऱ्यौ।" इन्सपेक्टर फिक्सले भन्यो।

फिलियस फग पुलिस चौकीमा पुऱ्याइँदा बिहानको ११ बजेको थियो। लन्डन जाने रेल जहिले पनि दिउँसो तिन बजे छुट्थ्यो।

"म त्यही रेलमा जाने छु।" फिलियस फगले विचार गऱ्यो। "म ८:३० बजे लन्डन पुग्ने छु र क्लबको मिटिङमा समयमै पुग्ने छु, होइन भने मेरा साथीले मसँग भएको सबै पैसा लैजाने छन् ..."

"म इन्सपेक्टर फिक्ससँग केही कुरा बुझ्न चाहन्छु।" एक जना पुलिससँग फिलियस फगले भन्यो।

"उहाँ छिट्टै आउँछु भनेर जानुभयो।" यति भनेर पुलिस हिँड्यो।

फिलियस फग इन्सपेक्टर फिक्सलाई पर्खिराख्यो। १२ बज्यो, १ बज्यो, २ बजे पछिमात्र इन्सपेक्टर फिक्स आयो।

"मलाई माफ गर, फग।" फिक्सले भन्यो, "मैले सोचेको थिएँ बैङ्क लुटेरा तिमी नै हौ तर म गल्तीमा रहेछु। जतिबेला हामी संयुक्त राज्यमा थियौँ पुलिसले वास्तविक बैङ्क लुटेरालाई पक्रिसकेका रहेछन्।"

फिलियस फग अरू छलफल गर्न लागेन। उ पहिले पासपारटु र अउदा भएको ठाउँमा पुग्यो र तिन बजेको रेल समाउन भ्यायो। ऊसँग अझै पनि समय थियो। तर रेलले ढिलो गऱ्यो र रेल राती ८:५० बजे मात्र लन्डन पुग्यो। ८० दिनसम्म विश्वको फन्का मारेर पनि ऊ क्लबमा पुग्न पाँच मिनेट ढिला भयो।

फिलियस लन्डनको उसको घरमा पुग्यो। उसको अगाडि अउदा बसेकी थिइन्।

"अब म गरिब भएँ।" उसले विचार गऱ्यो तर पनि ऊ चिन्तित देखिँदैनथ्यो। अब उसलाई अउदाका बारे विचार गर्नु थियो।

अउदाले भनिन्, "श्रीमान् फिलियस फग, अहिले तिमी धेरै झमेलामा छौ। तिमीसँग यति समस्या छन् कि तिमी एक्लैले समाधान गर्न अप्ठेरो हुने छ। अनि एक्लैले भन्दा

दुई जना मिलेर प्रयास गर्दा समस्या समाधान गर्न सजिलो हुन्छ ।"

एकाएक फिलियस फगले उसले सोचेको कुरा सम्झ्यो । फिलियसले भन्यो, "अउदा, के तिमी ...."

"मिस्टर फग, कृपया यो कुरा मलाई भनिदेऊ । तिमी मसँग बिहे गर्छौ ?"

"अवश्य बिहे गर्छु ।" फिलियस खुसीले उफ्रियो ।

उनीहरू तुरुन्तै पादरीलाई भेट्न गए ।

"हामी भोलि नै बिहे गर्न चाहन्छौँ ।" उनीहरूले पादरीलाई भने ।

"आइतबार ?" पादरीले भन्यो, "आइतबार बिहे गर्नु त्यति राम्रो मानिँदैन ।"

"सोमबार बिहे गरे हुन्न, भोलि त आइतबार होइन सोमबार हो ।" फिलियसले भन्यो ।

"तर फग, मलाई त्यस्तो लाग्दैन ।" पादरीले भन्यो, "आजको समाचार पत्रमा मिति हेर त ।"


फिलियसले समाचार पत्रमा मिति हेर्‍यो । पादरीले भनेकै ठिक रहेछ – त्यो दिन आइतबार, डिसेम्बर २० रहेछ ।

फिलियसले तुरुन्तै गते र बारका सम्बन्धमा आफूले गरेका गल्ती थाहा पायो । विश्वको विभिन्न ठाउँको भ्रमण गर्दा उसले कहिल्यै पनि आफ्नो घडीमा समय मिलाएको थिएन । त्यसैले ऊ इङ्ल्यान्ड पुग्दा वास्तविक समयभन्दा २४ घण्टा छिटो थियो । (पूर्वतिरबाट विश्व भ्रमण गरेकाले र पश्चिमको भन्दा पूर्वको समय छिटो हुने तथा यसरी विश्वको एक फन्कामा २४ घण्टा छिटो हुने भएकाले – अनुवादक) त्यसैले त्यो दिन २१ डिसेम्बर नभएर २० डिसेम्बर थियो ।

ऊसँग क्लबमा साथीहरूलाई भेट्ने समय बाँकी नै थियो । फिलियस क्लबतिर दौड्यो ।

८:४४ बजिसकेको थियो । ऊ पुग्नुपर्ने समय एक मिनेट मात्र बाँकी थियो । क्लबभित्रका उसका साथीले घडी हेरे ।

"ऊ फर्कन सकेन ।" एक जनाले भन्यो र त्यति नै बेला अर्थात् (८:४५ बज्नुभन्दा केही पहिले) फिलियस फग कोठाभित्र पस्यो ।



"म आइपुगेँ।" उसले लगभग चिच्याउँदै भन्यो, "मैले ८० दिनमा विश्वको परिक्रमा पुरा गरेँ।"

अर्को दिन फिलियस फगले अउदालाई बिहे गऱ्यो। उनीहरूको बिहे हेर्न सयौँ मानिस चर्चमा पुगेका थिए। त्यो समारोहको नायक फिलियस फग थियो।



'मैले फिलियस फगबाट निकै महत्त्व पूर्ण कुरा सिकँ ।' पासपारटुले विचार गर्‍यो, 'मैले सिकेको त्यो महत्त्व पूर्ण कुरा हो । केही कुरा पनि असम्भव छैन ।'

समाप्त

# संसार फेरिएको छ

## भारत

यो किताब सन् १८७२ मा लेखिएको हो। त्यतिबेला र अहिलेको भारतमा धेरै फरक परिसकेको छ। त्यति बेला भारत एउटा गरिब मुलुक थियो। भारतको केही भागमा बेलायतको शासन थियो र अरू भागमा स्थानीय राजाहरूले शासन गर्थे।

## जापान

त्यतिबेला यातायात र सञ्चारको अहिलेको जस्तो विकास भएको थिएन। त्यसैले जापानको विश्वका अरू मुलुकसँग धेरै सम्पर्क थिएन। जापानका मानिस अरू मुलुकमा नगण्य सङ्ख्यामा मात्र जान्थे र विदेशी मानिस पनि कम सङ्ख्यामा मात्र जापान जाने गर्थे।

## संयुक्त राज्य अमेरिका

सन् १८७२ मा संयुक्त राज्य अमेरिकाको जनसङ्ख्या २ करोड मात्र थियो। त्यहाँका धेरै मानिस किसान थिए। सहरहरू थोरै र साना थिए। देशको ठुलो भागमा त्यहाँका स्थानीय अमेरिकन इन्डियनहरू बस्थे।

## यातायात

सन् १८७२ सम्म राम्रा गाडी र हवाईजहाजको विकास भइसकेको थिएन। त्यतिबेलाको सबैभन्दा छिटो साधन रेल थियो। रेल पनि अहिलेको भन्दा निकै ढिलो चल्थ्यो। अरू देशमा जानका लागि मानिसहरू डुङ्गाबाट यात्रा गर्थे। त्यतिबेला यात्रा गर्न महँगो पनि थियो। त्यसैले थोरै मानिसले मात्र देश विदेशको यात्रा गर्थे।

आजकल छोटो समयमै यात्रा गर्न सकिन्छ। पुरै अमेरिका अथवा आन्ध्र

महासागर सुपरसोनिक जेटबाट तिन घण्टामा पार गर्न सक्छौँ । रकेटहरूले २० मिनेटमै विश्वको परिक्रमा गर्न सक्छन् । तर त्यतिबेला फिलियस फगलाई विश्व भ्रमण गर्न पुरै ८० दिन लागेको थियो ।

## पोसाक

त्यतिबेलाको पोसाक पनि अहिलेको भन्दा निकै फरक थियो । अहिलेको भन्दा त्यतिबेलाको पोसाक औपचारिक हुन्थे । पुरुषहरूले जहिले पनि टोप लगाउँथे । महिलाहरूले लामा लामा पोसाक लगाउँथे । त्यसैले त्यतिबेलाको पोसाक त्यति सुविधाजनक र हल्का थिएनन् । हिजोआजका मानिसहरू हल्का कपडा लगाउँछन् । टि सर्ट र जिन्स कपडा त विश्वमै प्रचलित छन् । त्यतिबेला र अहिलेको तुलना गर्दा धेरै कुराहरूमा धेरै फरक परिसकेको छ ।

भाइ बहिनीहरू ! तिमी पनि विचार गर त अरू के के कुरामा फरक परेको होला ?

## शब्द जाल

**रेखा तानेर तलका शब्दजालमा यो किताबमा प्रयोग भएका देश र सहरको नाम पत्ता लगाऊ**

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लि | न्ड | जा | ओ | भा | त | त्ता | ल | ब्लि | न | वा | त्ता | इ | जा | पा |
| भ | लि | पु | ल | को | त्ता | जा | इ | ला | हा | वा | द | न | क | ता |
| र | त | ख | मा | वे | हा | य | मा | सं | क्त | यु | क्त | दा | ल | रि |
| पु | पा | जा | न | न | चा | मा | न | भा | ची | य | ली | रा | क | स |
| ल | बे | ला | सं | यु | क्त | रा | ज्य | अ | मे | रि | का | य | त्ता | त |
| हि | मा | सि | ब्लि | ई | न | ला | वा | इ | त्ता | सं | रा | ज्य | रि | का |
| ज्यू | पा | जा | घा | यो | द | के | ङ् | घा | पा | जा | ई | ला | र | पे |
| को | ओ | ङ् | हा | मा | ली | मा | न्यु | यो | र्क | न | पा | यो | र्क | द |
| न्ड | सा | भा | न | टा | ला | वे | ता | ल | रि | पे | स | न | न | ड |
| हा | त्ता | ला | इ | वा | वे | द | ची | न | क | ङ् | क | त्ता | सा | ङ् |
| इ | न | घा | पा | जा | ला | न | र | मा | पे | रि | स | अ | का | रि |
| ल | न्ड | भा | अ | रि | य | इ | टा | ह | ली | ल | पु | मा | न्ड | त्ता |
| मा | ल | दा | भा | र | त | पे | स | ङ् | री | जा | ड | ब्लि | न | न |
| ल | त्ता | क | प | डा | मा | ल | सा | क | न | मा | रि | स | आ | बे |
| ग | ची | जा | न | न | दा | वा | न | ङ् | ला | लि | पु | र | न्ड | स |

१. **माथिको शब्दजालमा किताबमा प्रयोग भएका ६ ओटा देश र १० ओटा सहरको नाम दिइएको छ ।**

२. **प्रयोग भएका देश र सहरको नाममा बुझिने गरी घेरा हाल ।**

३. **घेरा हाल्दा तलमाथि, दायाँबायाँ, माथितल वा छड्के जसरी पनि घेरा**

हाल्न सकिन्छ तर घेरा सोझो हुनुपर्छ ।

४. शब्दजालका देशमा चीन, जापान, भारत, बेलायत, इटाली र संयुक्त राज्य अमेरिका छन् । सहरमा पेरिस, हङ्कङ, लन्डन, साङ्घाई, डब्लिन, न्युयोर्क, योकोहामा, इलाहवाद, कलकत्ता र लिभरपुल छन् ।

## आफूलाई जाँचौँ

२० मिनेटमा सक्ने अति प्रतिभाशाली,

३० मिनेटमा सक्ने - प्रभावशाली,

४० मिनेटमा सक्ने - सामान्य र

४० मिनेटभन्दा बढी समय लगाउने - कमजोर

## ८० दिनमा विश्व भ्रमणका कठिन शब्दको अर्थ

| शब्द | शब्दार्थ |
|---|---|
| अक्टोबर | असोजको आधाआधीदेखि कार्तिकको आधाआधीसम्म पर्ने इस्वी संवत्को दसौँ महिना |
| अचम्म | नचिताएको उदेकलाग्दो कुरा, आश्चर्य |
| अधिकार | हक |
| अधिकार पत्र | कुनै काम गर्नका निम्ति पाएको हकपत्र |
| अनुमान | अड्कल, अन्दाज |
| अत्तोपत्तो | कुनै काम कुराका बारेमा केही पनि थाहा नहुने |
| अन्यथा | स्थिति होइन भने, नत्र |
| असम्भव | सम्भव नभएको, हुन नसक्ने |
| आभारी | अर्काले गरेको उपकार मान्ने, गुनिलो |
| आयरल्यान्ड | बेलायतको एक प्रदेशको नाम |
| इटाली | युरोप महादेशको एक देश |
| इन्धन | शक्ति प्रदान गर्ने साधन मटितेल, डिजल, पेट्रोल, कोइला |
| इन्सपेक्टर | प्रहरी सेवाको एक दर्जा, प्रहरी निरीक्षक |
| इलाहावाद | भारतको एउटा सहर |
| ओर्लनु | माथिबाट तलतिर झर्नु, ओरालो लाग्नु |
| कम्पनी | व्यापारिक संस्था, समुदाय |
| कुख्यात | बदनाम, नराम्रो काम गर्नमा नाम चलेको |
| खतरनाक | खतराले भरिएको, डरलाग्दो |
| चर्चा | प्रसङ्ग, छलफल |
| चाङ | थुप्रो, खात, रास |
| चिता | मुर्दा पोल्न बनाएको दाउराको टाँड वा खात |
| चिन्तित | सुर्ताएको, पिर लागेको |
| छक्क | आश्चर्य, अचम्म |

| | |
|---|---|
| छुरा | चक्कु जस्तो लाग्ने हतियार |
| जापान | एसियाको सुदूर पूर्वमा रहेको एउटा प्रसिद्ध देश |
| जीवन चर्या | जीवनका दिनदिनै गरिने कार्यक्रम, दिनचर्या, दैनिक नियम |
| झस्कनु | एकाएक तर्सनु वा डराउनु |
| झमेला | झन्झट, झम्मार |
| टारनु | निर्वाह गर्न, जे जसरी भए पनि काल चलाउन |
| ठोकुवा गरेर | निश्चित गरेर, निर्णय गरेर |
| डकैती | डाँका मार्ने काम, डाँकाको काम |
| डब्लिन | बेलायतको एउटा सहर |
| दुरुस्त | जस्ताको तस्तै, ठिकठाक, उस्तै |
| दृश्य | हेर्न वा देख्नका लागि राम्रो, हेर्न लायक, मनोहर, सुन्दर |
| नियमित | सबै कुरा ठिकठाक समयमा भइरहने, निर्धारित |
| निश्चित | निश्चय गरिएको, निधो भएको, पक्का गरिएको |
| न्युयोर्क | उत्तर अमेरिकाको पूर्वी किनारमा रहेको प्रशिद्ध सहर |
| पत्रिका | निश्चित समयमा प्रकाशित हुने समाचार पत्र |
| पथ प्रदर्शक | बाटो देखाउने व्यक्ति, मार्ग दर्शक |
| पौन्ड | बेलायतको मुद्रा |
| परिक्रमा | चारैतिर घुम्ने क्रिया |
| पटक्कै | कति पनि, एकदमै ठ्याम्मै |
| पक्रनु | समाउनु, पक्डनु |
| पक्राउ पुर्जी | पक्रिने समयमा अभियुक्तलाई दिइने पुर्जी, वारेन्ट |
| पिछा | थाहा नपाउने गरी कसैको पछि लाग्ने काम, लखेट्ने काम |
| प्रशान्त | शान्त, निश्चल |
| प्रशान्त महासागर | पाँच महासागरमध्ये एउटा महासागर |
| प्रकाशन | पुस्तक, पत्र पत्रिका प्रकाशित गर्ने काम, छपाउने काम |
| प्रचलन | चालचलन, चलन |

| | |
|---|---|
| फन्को | एक पटकको घुमाइ, एक ठाउँबाट हिँडेर फेरि त्यसै ठाउँमा आइपुग्ने काम |
| फटाफट | चाँडोचाँडो हिड्ने, कुनै काम छिटो छिटो गर्ने किसिम |
| फाँट | खेती गर्न लायक सम्म परेको जमिन वा मैदान |
| फ्रान्स | युरोप महादेशको एक प्रशिद्ध देश |
| फन्का मार्नु | एक छाउँबाट हिँडेर घुम्दै फेरि त्यसै ठाउँमा आइपुग्ने काम |
| फन्टुस | काम न काजको, बिना मतलबको |
| फेला पार्नु | भेट्नु, भेट्ने काम गर्नु |
| बन्दी | थुनुवा, कैदी, झ्यालखानामा थुनामा परेको व्यक्ति |
| बन्दरगाह | पानी जहाज अडिने समुद्र किनारको घाट, पानी जहाजको स्टेसन |
| बाजी | कुनै खेलमा दुई थरीका बिच हारजित हुँदा गरिने सर्त, होड |
| भ्रमण | यात्रा, सफर, घुमफिर गर्ने काम |
| भताभुङ्ग | बरबाद, नाश, लथालिङ्ग |
| महासागर | ठूलो समुद्र |
| मजाको | उत्तम, राम्रो, रमाइलो |
| मतलब | कुनै भनाइको अर्थ, माने, आशय |
| मलिनु | उज्जल नभएको, अँध्यारो |
| मृत | मृत्यु भएको, प्राणहीन |
| यातायात | आवत जावत, बाटोघाटो |
| यात्रु | यात्रा गर्दै रहेको व्यक्ति, बटुवा, पर्यटक |
| योकोहामा | जापानको एउटा सहर |
| योजना | कुनै काम गर्न गरिएको पूर्व निश्चित तयारी |
| लन्डन | बेलायत (इङ्ग्ल्यान्ड) को राजधानी सहर |
| लिभरपुल | बेलायतको एउटा सहर |
| व्यवस्थित | व्यवस्था मिलेको, जस्तो हुनुपर्ने हो त्यस्तै भएको राम्रो अवस्थाको |
| विचित्र | अनौठो, अद्भूत |

| | |
|---|---|
| वाक्य | पुरा अर्थ दिने सार्थक शब्दहरूको समूह |
| विश्व | सम्पूर्ण सृष्टि, संसार, जगत् |
| शवयात्री | शवयात्रामा सम्मिलित हुने व्यक्ति, मलामी |
| सपना देख्नु | रमाइलो भविष्यको आशा वा कल्पना गर्नु |
| समूह | धेरै मानिसको जमात, हुल |
| सर्त | सम्झौता गर्दाका कुरा, कबुल |
| सम्भव | हुन सक्ने, सम्भावित |
| संयुक्त | मिसिएको, मिलेको |
| सर्कस | आश्चर्य जनक खेल, तमासा |
| साङ्घाई | चीनको पूर्वी किनारमा रहेको ठुलो सहर |
| साधन | उपकरण, कुनै काममा प्रयोग गरिने सामान |
| सामना | मुकाविला, मुठभेड |
| सिमाना | साँध, किनारा, छेउ |
| सुरुवात | कुनै कामको थालनी, आरम्भ, सुरु |
| सुरक्षा | रक्षा, राम्रो बचाउ |
| सोधपुछ | प्रश्न गराई, केरकार |
| स्टेसन | रेल, मोटर आदि रोकिने ठाउँ |
| हतास | निराश, अत्तालिएको |
| हिसाबकिताब | हरहिसाब, आम्दानी खर्चको लेखाजोखा |
| हिमगाडी | मालसामान वा यात्रीलाई हिउँमा ओसारपसार गर्ने साधन |